# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

प्रशासन निर्देशनालय

जनसाधन विभाग

कर्मचारी प्रशासन महाशाखा

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या २०७६/७७ के.क.प्र.शा.,च.नं. ४३४

मितिः-२०७६/०४/३०

श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय।
श्री उत्पादन निर्देशनालय।
श्री प्रशारण निर्देशनालय।
श्री इन्जिनियरिङ्ग सेवा निर्देशनालय।
श्री अर्थ निर्देशनालय।
श्री योजन अनुगमन तथा सूचना प्रविधि निर्देशनालय।
श्री आयोजना व्यवस्थापन निर्देशनालय।
श्री ने.बि.प्रा. सहायक कम्पनी अनुगमन निर्देशनालय।
श्री आन्तरिक लेखा परिक्षण विभाग।
श्री ईनर्जि ईफिसियन्सी तथा चुहावट नियन्त्रण विभाग।

विषयः- परिपत्र।

नेपाल विद्युत प्राधिकरण, सञ्चालक समितिको मिति २०७६/०४/२७ को ८०७औं बैठकबाट निम्नलिखित विषयहरुमा भएको निर्णयको उतारप्रति यसै पत्रसाथ संलग्न गरि आवश्यक कार्यार्थ निर्देशानुसार प्रेषित गरिएको छ।

१) तलब तथा ग्रेड बृद्धि गर्नेबारे।

२) वार्षिकोत्सव खर्च दिनेबारे।

२०७६/०४/३०

(डोलनाथ कँडेल)
महाशाखा प्रमुख

बोधार्थः
श्री पदपूर्ती विभाग।
श्री कानून विभाग।
श्री सामान्य सेवा विभाग।


| प्रशासन निर्देशनालय | जनसाधन विभाग | कर्मचारी प्रशासन महाशाखा | केन्द्रीय कर्मचारी प्रशासन शाखा |
|---|---|---|---|
| प्रमुख ☎ ०१-४१५३०११ (आ.१२०५) | प्रमुख ☎ ०१-४१५३००३ (आ.१२०७) | प्रमुख ☎ ०१-४१५३००१ (आ.१००१) | प्रमुख ☎ ०१-४१५३००६ (आ.१००७) |
| पि.ए. ☎ ०१-४१५३०१० (आ.१२०६) | पि.ए. ☎ ०१-४१५३००२ (आ.१२०८) | पि.ए. ☎ (आ.१००२) | |
| इमेलः admin@nea.org.np | इमेलः hrd@nea.org.np | इमेलः admindiv@nea.org.np | इमेलः centraladmin@nea.org.np |

कम्प्युटर कक्षः ☎ ०१-४१५३०००, (आन्तरिक १००६), फ्याक्स ०१-४१५०००५

प्रधान कार्यालयः दरबारमार्ग, काठमाडौं

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)
कार्यकारी निर्देशकको सचिवालय
दरबारमार्ग, काठमाडौं

प.सं. ०७६/७७ का.नि.स.,च.नं. ११५

मितिः २०७६।०४।२८

नेपाल विद्युत प्राधिकरण
उप-कार्यकारी निर्देशकको कार्यालय
प्रशासन
दर्ता नं. ......१८८......
मितिः ....०७६।४।२८....

श्री उपकार्यकारी निर्देशकज्यू,
प्रशासन निर्देशनालय, ने.वि.प्रा.।

विषयः सञ्चालक समितिको निर्णय पठाइएको ।

नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७६।०४।२७ को ८०४औं बैठकबाट त्यस निर्देशनालयसँग सम्बद्ध निम्नलिखित विषयहरुमा भएको निर्णयको उतारप्रति संलग्न गरी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छः

विषयः

१. तलव तथा ग्रेड वृद्धि गर्नेबारे।
२. वार्षिकोत्सव खर्च दिनेबारे।
३. सञ्चालक समिति सदस्यमा मनोनयन गर्नेबारे।

०७६।४।२८

(शिव कुमार अधिकारी)
सह-निर्देशक

श्री जनसाधन विभाग
१. सि.नं. १ र २ का निर्णय परिपत्र जारी
२. सि.नं. ३ मा निर्णय अनुसार गर्ने
४।२९

O/C.

पो.ब.नं. १००२०, फोनः ४१५३००७ (का.नि.),४१५३०१२, ४१५३०८२, ४१५३१९३ फ्याक्सः ४१५३००९
Email: neamd@nea.org.np; URL: http://www.nea.org.np

२. तलव तथा ग्रेड वृद्धि गर्नेबारे।

नेपाल सरकारले आर्थिक वर्ष २०७६।०७७ बजेट वक्तव्य मार्फत निजामती, सेना, प्रहरी, शिक्षक लगायत राष्ट्रसेवक कर्मचारीहरुको साविक तलवमा २०७६ श्रावण १ गते देखि लागू हुने गरी अधिकृतस्तरको शुरु तलवमानमा १८ प्रतिशत र सहायकस्तरको शुरु तलवमानमा २० प्रतिशतका दरले वृद्धि गर्ने निर्णय गरेको छ। नेपाल सरकारवाट वृद्धि भएको तलव भत्ताको आधारमा नेपाल विद्युत प्राधिकरणमा पनि तलव भत्ता बृद्धि गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न निर्देशक श्री तुलाराम गिरीको संयोजकत्वमा एक कमिटि गठन भई सो कमिटिले पेश गरेको प्रतिवेदन संलग्न छ ।

नेपाल सरकारको निर्णयानुसार अधिकृतस्तरको शुरु तलवमानमा १८ प्रतिशत र सहायकस्तरको शुरु तलवमानमा २० प्रतिशतका दरले तलव भत्ता वृद्धि गर्दा तलवमानमा वार्षिक करिव ६९ करोड ९३ लाख ८५हजार ८ सय ६० थप आर्थिक दायित्व पर्न सक्ने प्रतिवेदनबाट देखिएको र सोही अनुसार आर्थिक वर्ष २०७६।०७७ को कर्मचारी खर्चको बजेट प्रस्तावमासमेत वृद्धि हुने रकम समावेश गर्नुपर्ने देखिन्छ । नेपाल सरकारको निर्णयका आधारमा प्राधिकरणमा कार्यरत स्थायी, म्यादी/करार कर्मचारीहरुलाई संलग्न विवरण अनुसार अधिकृतस्तरको कर्मचारीलाई शुरु तलवमानमा १८ प्रतिशत र सहायकस्तरको कर्मचारीलाई शुरु तलवमानमा २० प्रतिशत थप गरी नयां तलवमान स्वीकृत गर्न आवश्यक देखिन्छ ।

नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ को विनियम ८८ (२) मा कर्मचारीको तलवमान समितिले समय समयमा निर्धारण गरे वमोजिम हुनेछ भन्ने प्रावधान छ।

नेपाल सरकारवाट वृद्धि भएको तलव भत्ताको आधारमा नेपाल विद्युत प्राधिकरणमा कार्यरत स्थायी,म्यादी/करार कर्मचारीहरुलाई तलव बृद्धि गर्ने सम्बन्धमा गठित कमिटिले पेश गरेको संलग्न प्रतिवेदनअनुसारको शुरु तलवमान/ग्रेड स्वीकृत हुन कार्यकारी निर्देशकले समितिसमक्ष प्रस्ताव गर्नुहुँदा विस्तृत छलफल भई निम्नानुसार निर्णय भयो:

निर्णय

नेपाल विद्युत प्राधिकरणमा कार्यरत (स्थायी, म्यादी र करार) कर्मचारीहरुको तलब तथा ग्रेड निर्धारण सम्बन्धमा गठित कमिटिको संलग्न प्रतिवेदनबमोजिम हुनेगरी नयाँ तलवमान तथा ग्रेड २०७६ श्रावण १ गतेदेखि लागू हुने गरी स्वीकृत गर्ने।

बोर्ड-८०४

# नेपाल विद्युत प्राधिकरण

साविक शुरु स्केलमा सहायक स्तरको कर्मचारीलाई २०% र अधिकृत स्तरका कर्मचारीहरुलाई १८% बृद्धि गरी २०७६ श्रावण १ गतेदेखि लागू हुने तलबमान :

| तह | साविक तलबमान | | | | | २०७६ श्रावण १ गतेदेखि लागू हुने प्रस्तावित तलबमान | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शुरु स्केल | ग्रेड सख्या | ग्रेड दर रु. | जम्मा ग्रेड रकम | अन्तिम तलब रु. | शुरु स्केल | ग्रेड सख्या | ग्रेड दर रु. | जम्मा ग्रेड रकम | अन्तिम तलब रु. |
| सहायक स्तर | | | | | | | | | | |
| १ | १६,९९० | १३ | ५६६ | ७,३५८ | २४,३४८ | २०,३९० | ११ | ६८० | ७,४८० | २७,८७० |
| २ | १७,७४० | १३ | ५९१ | ७,६८३ | २५,४२३ | २१,२९० | ११ | ७१० | ७,८१० | २९,१०० |
| ३ | १८,९२० | १२ | ६३१ | ७,५७२ | २६,४९२ | २२,७१० | १० | ७५७ | ७,५७० | ३०,२८० |
| ४ | २२,१७० | १० | ७३९ | ७,३९० | २९,५६० | २६,६१० | ९ | ८८७ | ७,९८३ | ३४,५९३ |
| ५ | २३,५०० | १० | ७८३ | ७,८३० | ३१,३३० | २८,२०० | ९ | ९४० | ८,४६० | ३६,६६० |
| अतिरिक्तमान ५ | २५,६८० | ९ | ८५६ | ७,७०४ | ३३,३८४ | ३०,८२० | ८ | १,०२७ | ८,२१६ | ३९,०३६ |
| अधिकृत स्तर | | | | | | | | | | |
| ६ | ३०,५०० | १० | १,०१७ | १०,१७० | ४०,६७० | ३५,९९० | ९ | १,२०० | १०,८०० | ४६,७९० |
| ७ | ३२,३६० | १० | १,०७९ | १०,७९० | ४३,१५० | ३८,१९० | ९ | १,२७३ | ११,४५७ | ४९,६४७ |
| ८ | ३४,२२० | ९ | १,१४१ | १०,२६९ | ४४,४८९ | ४०,३८० | ८ | १,३४६ | १०,७६८ | ५१,१४८ |
| ९ | ३७,१९० | ८ | १,२४० | ९,९२० | ४७,११० | ४३,८९० | ७ | १,४६३ | १०,२४१ | ५४,१३१ |
| १० | ४०,१५० | ७ | १,३३८ | ९,३६६ | ४९,५१६ | ४७,३८० | ६ | १,५७९ | ९,४७४ | ५६,८५४ |
| ११ | ४५,७९० | ६ | १,५२६ | ९,१५६ | ५४,९४६ | ५४,०४० | ६ | १,८०१ | १०,८०६ | ६४,८४६ |
| १२ | ५१,४२० | ४ | १,७१४ | ६,८५६ | ५८,२७६ | ६०,६८० | ४ | २,०२३ | ८,०९२ | ६८,७७२ |

**द्रष्टव्य:**

(१) सहायक स्तरको खाइपाई आएको शुरु तलबमानमा २०% तथा अधिकृत स्तरको हकमा १८% बृद्धि गरिएको छ ।

(२) शुरु तलबस्केल कायम गर्दा बृद्धि सहित कायम हुने रकम १० ले भाग जाने नभएमा १० ले भाग जाने उपल्लो अंक कायम गरिएको छ ।

(३) नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ को विनियम ९१ (१) मा "कर्मचारीले नियुक्ति पाएको वा बढुवा भएको मितिले एक वर्ष पूरा गरिसकेपछि आउने पहिलो महिनादेखि सुरु स्केल अनुसार एक दिनको तलब बराबर तलबमा थप एक तलब बृद्धि पाउनेछ" भन्ने व्यवस्था भएअनुसार नयाँ शुरु तलबमानको १ दिनको तलब बराबर ग्रेड अंक कायम गरिएको छ । यसरी ग्रेड रकम गणना गर्दा दशमलब आएमा ०.५ भन्दा कम भएमा तल्लो पूर्ण अंक र सो भन्दा माथि भए माथिल्लो पूर्ण अंक कायम गरिएको छ ।

(४) ग्रेड संख्या कायम गर्दा हाल खाईपाइ आएको ग्रेड रकमलाई नयाँ ग्रेड दरले भाग गर्दा हुन आउने ग्रेड संख्या दशमलबमा आएमा माथिल्लो पूर्ण गरिएको छ ।

(५) खाईपाई आएको तलब र ग्रेड रकम नघट्ने गरि नयाँ तलबमान र ग्रेड कायम गर्ने ।

३. वार्षिकोत्सव खर्च दिनेबारे।

नेपाल विद्युत प्राधिकरणको ३४औं वार्षिकोत्सव मनाउन प्राधिकरणमा कार्यरत सबै कर्मचारीहरुको योगदानलाई उचित मूल्याङ्कन गरी तोकिएको जिम्मेवारीप्रति अझ सजग, लगनशिल भई कार्य गर्ने उत्प्रेरणा दिन प्राधिकरणमा कार्यरत कर्मचारीलाई विगतमा वार्षिकोत्सव खर्च दिने गरिएकोमा यस वर्ष पनि जनही रु. १५,०००।- वार्षिकोत्सव खर्च दिन ३४औं वार्षिकोत्सव समारोह प्रबन्ध मुल समिति - २०७६ बाट सिफारिस भईआएको छ।

हाल कार्यरत कर्मचारी सँख्या (स्थायी/म्यादी/करार) ९,१०३ ले जनही रु. १५,०००।-का दरले जम्मा रु. १३,६५,४५,०००।- (तेह्र करोड पैसठ्ठि लाख पैतालिस हजार मात्र) खर्च हुने देखिन्छ ।

प्राधिकरणमा कार्यरत सबै कर्मचारीहरुलाई वार्षिकोत्सव खर्च दिने स्वीकृतिका लागि कार्यकारी निर्देशकले समितिसमक्ष प्रस्ताव गर्नुहुँदा विस्तृत छलफल भई निम्नानुसार निर्णय भयोः

निर्णयः

नेपाल विद्युत प्राधिकरणको ३४औं वार्षिकोत्सवको अवसरमा प्राधिकरणमा कार्यरत कर्मचारीहरु (स्थायी/म्यादी/करार/ज्यालादारी) लाई जनही रु. ७,०००।- (सात हजार) वार्षिकोत्सव खर्च दिने।

NEPAL ELECTRICITY AUTHORITY ESTD. 1985 कार्यकारी निर्देशकको सचिवालय